# राष्ट्रिय वन नीति
## २०७५

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# राष्ट्रिय वन नीति

## २०७५

नेपाल सरकार

**वन तथा वातावरण मन्त्रालय**

सिंहदरबार, काठमाडौं

प्रकाशक : नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

स्वीकृत मिति : २०७५ माघ २१ गते

निर्णय स्तर : नेपाल सरकार (मन्त्रिपरिषद्)

प्रकाशित प्रति : ३०००

मुद्रण : सिग्मा जनरल अफसेट प्रेस
सानेपा, साँचल, ललितपुर
फोनः ५५५४०२९

माननीय शक्ति बहादुर बस्नेत
मन्त्री
वन तथा वातावरण
सिंहदरबार, काठमाडौं
फोन : ०१-४२११६६०
फ्याक्स : ०१-४२११७८४

नेपाल सरकार

च. नं.



# दुई शब्द

नेपालको दिगो विकासमा वन क्षेत्रको महत्वपूर्ण योगदान रहि आएको छ । वन क्षेत्रले स्थानीय समुदायको आधारभुत आवश्यकता जस्तै काठ, दाउरा, गैरकाष्ठ वन पैदावारहरूको आपूर्ति मार्फत जनताको जीविकोपार्जनमा प्रत्यक्ष टेवा पुऱ्याउँदै आएको छ । सहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट आर्थिक, सामाजिक विकास तथा नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको छ । वन क्षेत्रको दिगो व्यवस्थापनबाट उद्यमशीलताको विकास गर्दै रोजगारी श्रृजना र अर्थतन्त्रमा टेवा पुऱ्याउँदै राष्ट्रिय समृद्धिमा योगदान पुऱ्याउने अवसर रहेको छ । यसका साथै वन क्षेत्र कृषि, पशुपालन, पर्यटन र सिँचाइ जस्ता विषयगत क्षेत्रहरूको प्रमुख आधारको रुपमा रहेको छ ।

जैविक विविधताको दृष्टिले नेपाल सम्पन्न मुलुक हो । सिमसार क्षेत्र, जैविक विविधता तथा प्राकृतिक सम्पदाको दिगो व्यवस्थापन तथा पर्यापर्यटनको प्रवर्द्धन मार्फत देशको आर्थिक विकासमा टेवा पुगेको छ । विश्वमा नै दुर्लभ र लोपोन्मुख मानिएका वन्यजन्तुको संरक्षणबाट नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन सकिने अवसर प्राप्त भएको छ । जलाधार क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापनबाट प्राकृतिक प्रकोप न्यूनीकरणमा समेत वन क्षेत्रबाट उल्लेख्य योगदान पुगेको छ । वातावरणीय स्वच्छता, जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन साथै कार्वन संचितिमा समेत वन क्षेत्रको भूमिका रहेको छ ।

नेपालको संविधानले परिकल्पना गरे अनुसार वन क्षेत्रका अधिकार समेत तीन तहमा विभाजन भै सकेको अवस्थालाई मध्यनजर गर्दै यस नीतिले समग्र वन क्षेत्रका कानून, योजना तथा कार्यक्रममा मार्गदर्शन प्रदान गर्नेछ । यो नीति नेपालको संविधान, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु, विगतका नीति तथा कार्यक्रम, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित नवीनतम अवधारणा र राष्ट्रिय आवश्यकता समेतलाई आधार बनाई तयार गरिएको छ । यो नीति तयारीको क्रममा सरोकारवालाहरुको सहभागिता तथा प्राप्त सुझावहरुलाई समेत ग्रहण गरी अन्तिम रुप दिइएको हुँदा नीतिको प्रभावकारी कार्यान्वयन हुनेमा म आशावादी छु ।

अन्तमा यो नीति तयार गर्ने कार्यमा संलग्न वन तथा वातावरण मन्त्रालय तथा प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका साथै रचनात्मक सुझाव प्रदान गर्नु हुने सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद दिन चाहन्छु ।

(शक्ति बहादुर बस्नेत)
मन्त्री

## १. पृष्ठभूमी

वन नेपालको महत्वपूर्ण प्राकृतिक सम्पदा हो । मुलुकको झण्डै आधा भाग ढाकेको वन क्षेत्रले पर्यावरणीय सुरक्षा, सांस्कृतिक, सामाजिक र आर्थिक समुन्नतिमा समेत योगदान पुऱ्याएको छ । वन क्षेत्रको दिगो व्यवस्थापनबाट हरित अर्थतन्त्र निर्माण, रोजगारीको अवसरहरुको श्रृजना, पर्यापर्यटनमा टेवा, कार्बन संचिति, जैविक विविधता र जलाधार जस्ता पारिस्थितिकीय सेवाहरु अभिबृद्धि गरी समृद्धि प्राप्तिको राष्ट्रिय लक्ष्यमा वन क्षेत्रको समग्र योगदान बढाउनु पर्ने आवश्यकता रहेको छ ।

नेपालले सामुदायिक वन लगायतका समुदायमा आधारित वन व्यवस्थापनबाट प्राप्त गरेका सफलता विश्वमा नै उदाहरणीय मानिएको छ । समग्र वन व्यवस्थापन र वनमा आधारित उद्यम विकासमा उपभोक्ता समूह, सहकारी संस्था, वन उद्यमी, काष्ठ, जडिबुटी तथा गैरकाष्ठ वनपैदावारका उद्योग व्यवसायी तथा पारिवारिक तथा निजी वन धनीहरुको भूमिका समेत अपरिहार्य रहेकोले परिमाणात्मक तथा गुणात्मक रुपमा सरोकारवालाहरुको सहभागिता बढाउँदै लैजान नयाँ वातावरण निर्माण गर्नु पर्ने बिषय प्राथमिकतामा रहेको छ ।

नेपाल संघीय संरचनामा रुपान्तरण भइरहँदा वन, संरक्षित क्षेत्र, जलाधार, जैविक विविधता, कार्बन संचिति जस्ता श्रोत र सेवाहरुको व्यवस्थापन र तिनबाट प्राप्त हुने लाभको न्यायोचित वितरण गर्ने कार्यमा संघीय, प्रादेशिक र स्थानीय सरकारका बीचमा निरन्तर समन्वय, सहकार्य र सहयोग हुनु पर्ने पृष्ठभूमिमा नेपालको राष्ट्रिय वन नीति, २०७५ तर्जूमा गरिएको छ ।

## २. विगतमा भएका प्रयास

नेपालमा वन श्रोतको संरक्षण र उपयोगका लागि एकीकरण पूर्वदेखि प्रयास हुँदै आएको हो । एकीकरण पश्चात २००७ सालसम्मको अवधिमा वन जंगललाई आदिवासी जनजातिहरुले किपट, गुठी जस्ता सामूहिक सम्पतिको रुपमा एकातिर उपयोग गर्दै आए भने अर्कोतर्फ शासकहरुले सम्भ्रान्त परिवारहरुलाई बिर्ता वा जागिरका रुपमा वन जंगल दर्ता गरी दिने काम भयो । तर २००७ सालको राजनीतिक परिवर्तन पश्चात २०१३ सालमा कानून बनाएरै सामन्तहरुका निजी स्वामित्वमा रहेका वन जंगललाई राष्ट्रियकरण गरियो । त्यसै गरी बिर्ता उन्मुलन र किपट प्रथाको अन्त्य गरी नेपालभित्रको

वन जंगलको अधिकांश भागलाई सरकारी सम्पत्तिका रुपमा रुपान्तरण गरियो । वनको संरक्षण गर्न पहिलो ऐनको रुपमा वन ऐन, २०१८ जारी गरी मुलुकको वन श्रोतलाई वन विभागको नियन्त्रणमा ल्याइयो । तर यस प्रक्रियाबाट वन जंगलमा जनताको अपनत्व कम भयो भने वन विनासको दर बढ्दै गयो । त्यसै गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ जारी गरी वन्यजन्तु र पारिस्थिकीय महत्वका स्थानहरुलाई संरक्षण गर्ने प्रयास गरियो । यी अभ्यासगत वा कानूनी प्रयासहरु भए पनि नीति दस्तावेजका रुपमा भने पहिलो पटक २०३३ मा राष्ट्रिय वन योजना जारी भएको हो ।

राष्ट्रिय वन योजना, २०३३ मार्फत वनको संरक्षण र व्यवस्थापनमा जनसहभागिता जुटाउने नीति अवलम्बन गरियो । नयाँ वृहत् वन नीतिका रुपमा वन विकास गुरु योजना २०४७ जारी गरियो । यस गुरु योजनाले क) सामुदायिक तथा निजी वन, ख) राष्ट्रिय तथा कबुलियती वन, ग) काठमा आधारित उद्योग, घ) जडिबुटी तथा सुगन्धित वनस्पति तथा अन्य गैरकाष्ठ वन पैदावारको विकास, ङ) पारिस्थिकीय प्रणाली तथा आनुवंशिक श्रोतको संरक्षण र च) भू-संरक्षण तथा जलाधार व्यवस्थापन गरी ६ वटा प्रमुख कार्यक्रमहरुको विस्तृत योजना तयार गरी तिनको लागि ६ वटा टेवामूलक कार्यक्रमहरु समेत पहिचान गऱ्यो । गुरु योजनाको उपलब्धि स्वरुप वन, जलाधार र संरक्षित क्षेत्र व्यवस्थापनमा जनसहभागिताको अनुकूल वातावरण श्रृजना भई देशव्यापी रुपमा हजारौंका संख्यामा उपभोक्ता समूहहरु गठन भई क्रियाशील रहे । २०५७ मा परिमार्जित वन नीति जारी गरियो जसमा खासगरी तराईका ठूला चक्ला वनहरुको व्यवस्थापनका साथै वनमा आधारित उद्योगका सवालहरुलाई सम्बोधन गर्ने प्रयास गरियो ।

वन विकास गुरु योजनाको २१ वर्षे अवधिको समाप्ति पश्चात वन नीति, २०७१ जारी गरियो जसमा दिगो वन व्यवस्थापन, वातावरणीय सेवाबाट प्राप्त लाभको न्यायोचित वितरण, जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन, समुदायद्धारा व्यवस्थित वन, हरित रोजगारीको श्रृजना, जलवायु परिवर्तन र सुशासन गरी ७ वटा प्रमुख नीतिगत क्षेत्र र तिनका रणनीति र कार्यनीति समेत पहिचान गरियो । वन नीति, २०७१ लागु भएको चार वर्ष पूरा भएको सन्दर्भमा नेपालको संविधान जारी भए पश्चात राज्यको निर्देशक सिद्धान्त र नीतिमा वनका नयाँ विषयहरु समावेश भएको, मुलुक संघीय संरचनामा रुपान्तरण भएको र संघको अधिकारको सूचीमा राष्ट्रिय वन नीति समेत परेको हुँदा नयाँ राष्ट्रिय वन नीति तर्जूमा गरिएको हो ।

## ३. हालसम्मको उपलब्धी

दिगो विकास लक्ष्य हासिल गर्न वन क्षेत्रको योगदान उल्लेखनीय रहेको छ । स्थानीय समुदाय र राज्य संरचनाको निरन्तर प्रयासबाट हाल वन क्षेत्र नेपालको कूल भूभागको ४४.७४ प्रतिशत पुगेको छ । यसबाट स्थानीय बासिन्दाको वन पैदावारको दैनिक आवश्यकतालाई परिपूर्ति गर्नुका साथै वातावरणीय सन्तुलनमा अहम् भूमिका निर्वाह गरेको छ। राष्ट्रिय अर्थतन्त्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा ठूलो योगदान पुऱ्याएको छ। नेपालको सामुदायिक वन अन्तर्राष्ट्रिय जगतमा नै उदाहरणीय बन्न पुगेको छ। करीव २२ हजार सामुदायिक वन उपभोक्ता समूहहरुबाट करीव २२ लाख हेक्टर वन क्षेत्रको संरक्षण र व्यवस्थापन भईरहेको छ। गरिवीको रेखामुनी रहेका समुदायलाई हस्तान्तरण गरिएको कवुलियती वनबाट उक्त समुदायको जीवनस्तर उकास्न मद्दत पुगेको छ । हालसम्म १ लाख १३ हजार १८५ हेक्टर वन क्षेत्रमा वैज्ञानिक वन व्यवस्थापन पद्धति लागु गरी वन व्यवस्थापन गरिएको छ । यसले वन पैदावारको आपूर्ति र हरित उद्यम सञ्चालनमा मद्दत पुगेको छ । जैविक विविधता तथा जलाधारको हिसाबले महत्वपूर्ण क्षेत्रहरुको पहिचान गरी हालसम्म १० वटा संरक्षित वनको रुपमा घोषणा गरी जनसहभागितामा संरक्षणमुखी कार्यक्रमहरु सञ्चालन गरिएको छ। करीव १ लाखभन्दा बढी स्थानीय मानिसहरुले बनमा पूर्णकालिन रोजगारीको अवसर प्राप्त गरेका छन् ।

रुद्राक्ष, खयर, सतिसाल, विजयसाल लगायतको विभिन्न महत्वपूर्ण वनस्पति प्रजातिहरुको वन बीउ बगैंचाहरु व्यवस्थापन भई रहेको छ । साथै विजयसाल जस्ता लोपोन्मुख वनस्पति प्रजातिहरुको संरक्षण कार्ययोजना तयार भई अगाडि बढाइएको छ । नेपाल विभिन्न बहुमूल्य जडिबुटीहरुको भण्डारको रुपमा रहेको छ। यस्ता महत्वपूर्ण वानस्पतिक श्रोत तथा जडिबुटीहरुको अध्ययन, अनुसन्धान, अभिलेखीकरण र गुण पहिचान गर्दै प्रविधि विकास गरी खेती विस्तारका कार्यहरु सञ्चालन गरिएको छ। एकातर्फ आर्थिक महत्वका जडिबुटीहरुको खेती विस्तार, व्यावसायीकरण र मूल्य अभिवृद्धि सहित अन्तर्राष्ट्रिय बजारसम्म निकासी प्रवर्द्धन गर्ने कार्य भई रहेको छ भने अर्कोतर्फ लोपोन्मुख जडिबुटी प्रजातिहरुको दिगो संरक्षण र उपयोगका कार्यक्रमहरु कार्यान्वयनमा रहेको छ।

नेपालको भौगोलिक बनावट भू-क्षय, बाढी पहिरो, माटोको थिग्रीकरण लगायतका जलाधारीय जोखिममा रहेको अवस्थामा नदी प्रणालीमा आधारित वृहत जलाधार

व्यवस्थापनका कार्यहरुलाई एकीकृत रुपमा अगाडि बढाइएको छ । भौगोलिक हिसावले अत्यन्त सम्वेदनशील अवस्थामा रहेको चुरे क्षेत्रको संरक्षणको लागि राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास कार्यक्रम सञ्चालनमा रहेको छ। चुरे र भावर तथा तराई क्षेत्रको अन्योन्याश्रित सम्बन्धलाई मध्यनजर गरी तल्लो तटीय र माथिल्लो तटीय सम्बन्धको आधारमा संरक्षण र व्यवस्थापनका कार्यहरु भईरहेको छ ।

नेपालको कूल भूभाग मध्ये २३.३९ प्रतिशत क्षेत्रफल संरक्षित क्षेत्रले ओगटेको छ। यी संरक्षित क्षेत्रहरुबाट जैविक विविधता संरक्षणमा अत्यन्त ठूलो योगदान पुगेको छ । नेपालमा रहेका ११८ पारिस्थितिक प्रणालीहरुमध्ये ८० वटा यीनै संरक्षित क्षेत्रभित्र पर्दछन् । यी संरक्षित क्षेत्रहरुमा विश्वमा नै दूर्लभ मानिएका बाघ, गैंडा, हात्ती, हिउँचितुवा लगायतका महत्वपूर्ण एवं Flagship प्रजातिहरुको संरक्षण योजना तयार भई कार्यान्वयनमा रहेका छन् जसले यस्ता वन्यजन्तुहरुको संख्यामा उल्लेख्य वृद्धि भएको छ। लोपोन्मुख र संकटापन्न वन्यजन्तु एवं वनस्पति प्रजातिको प्राणी उद्यान, चिडियाखाना, वनस्पति उद्यान लगायतका संरक्षण पद्धतिहरुबाट स्वस्थानीय र परस्थानीय संरक्षणका कार्यहरु भईरहेका छन् । नेपालमा भित्रिने विदेशी पर्यटकहरुमध्ये ६० प्रतिशत भन्दा बढी पर्यटक संरक्षित क्षेत्रमा आउने गरेको पाईएको छ । यसरी संरक्षण मार्फत पर्यापर्यटनमा अभिवृद्धि भई देशको अर्थतन्त्रमा टेवा पुगेको छ ।

जैविक विविधता, जलवायु परिवर्तन जस्ता संरक्षण क्षेत्रका विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुमा सहभागी भई अन्तर्राष्ट्रिय सहकार्य बढाउँदै आइएको छ । तराईका १३ जिल्लाको लागि Emission Reduction Program Document (ERPD) तयार भई कार्यान्वयनको चरणमा रहेको छ। यसले निकट भविष्यमा नेपालले उत्सर्जन कटौतिबाट अन्तर्राष्ट्रिय भुक्तानीको दावी गर्ने अवस्था रहेको छ ।

## ४. चुनौति तथा अवसर

### चुनौति

उपलब्ध वन, वनस्पति तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग गर्न नसक्नु प्रमुख चुनौति हो । वन, जैविक विविधता तथा जलाधार व्यवस्थापनको कार्यलाई तीन तहका सरकार, वन समूह र निजी क्षेत्रबीच प्रभावकारी समन्वय र सहकार्यको वातावरण

निर्माण गर्नु एवं वन, मानव वन्यजन्तु लगायत जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापनका कार्य र मुलुकको भौतिक एबं सामाजिक-आर्थिक विकासबीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु यस क्षेत्रको थप चुनौतिहरु हुन् । वनक्षेत्रबाट उत्पादित बस्तु तथा सेवाहरुको विस्तार र तिनबाट प्राप्त लाभको वर्गीय, लैंगिक तथा सामाजिक रुपमा समन्यायिक बाँडफाँड गर्नु समेत चुनौतिको रुपमा रहेको छ ।

**अवसर**

नेपालको प्राकृतिक श्रोतहरुमध्ये वन, जैविक विविधता तथा जलाधार क्षेत्र प्रत्यक्ष जनताको जीविकोपार्जनसंग जोडिएको महत्वपूर्ण विषय हुनाले यसको र भूपरिधिस्तर सुधार समेत गर्दै दिगो व्यवस्थापन मार्फत मुलुकको समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने सम्भावना रहेको छ। संघीय संरचना अनुसार तीन तहका सरकार कार्यान्वयन अवस्थामा रहेको हुँदा वन तथा जैविक विविधता संरक्षण र व्यवस्थापनमा श्रोत, साधनको उपलब्धतामा सहज हुनका साथै अपनत्वमा समेत बृद्धि हुने सम्भावना रहेको छ । सामुदायिक वन लगायतका समुदायमा आधारित तीस हजार भन्दा वढी वन समूहहरु मार्फत वनको व्यवस्थापन, वनमा आधारित उद्योग र पर्या-पर्यटन प्रवर्द्धन गर्न सकिने अवसर रहेको छ। वनको संरक्षण र विकासबाट वातावरणीय अवस्थामा सुधार गर्दै कार्बन संरक्षण र सञ्चितिबाट अन्तर्राष्ट्रिय भुक्तानीमा पहुँच पुऱ्याउन सकिने पनि अवसर रहेको छ । जैविक विविधता र प्राकृतिक रमणीयताका कारण संरक्षित क्षेत्रहरु र अधिकांश समुदायद्वारा व्यवस्थित वनहरुमा व्यापक रुपमा प्रकृतिमा आधारित पर्यटन विकास र विस्तार गर्न सकिने सम्भावना रहेको छ। नेपालमा पाईने वन्यजन्तु र वनस्पतिको व्यवस्थापनबाट देशलाई विश्वमा चिनाउन सकिने अवसर रहेको छ । नेपालका बहुमूल्य जडिबुटीहरुको देशभित्रै प्रशोधन तथा मूल्य अभिवृद्धिका चरणहरु पूरा गरी नेपालमा बनाउँ (Make in Nepal) अभियानका साथ उत्पादनहरुको व्यवसायीकरण गर्न सक्ने सम्भावना रहेको छ ।

## ५. दूरदृष्टि

यस नीतिको दूरदृष्टि "व्यवस्थित वन क्षेत्र र सन्तुलित पर्यावरण मार्फत नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिमा योगदान" रहनेछ ।

## ६. लक्ष्य र उद्देश्यहरु

**६.१ लक्ष्यः** यस नीतिको लक्ष्य वन, संरक्षित क्षेत्र, जलाधार, जैविक विविधता, वन्यजन्तु र वनस्पतिको दिगो र सहभागितामूलक व्यवस्थापनबाट वनजन्य वस्तु तथा सेवाको उत्पादन एवं मूल्य अभिवृद्धि र तिनको न्यायोचित वितरण गर्नु रहेको छ।

**६.२ उद्देश्यहरुः यो नीतिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :**

१. वन क्षेत्रको उत्पादकत्व, उत्पादन र वातावरणीय सेवामा अभिबृद्धि गर्ने ।

२. वन पैदावारमा आत्मनिर्भर भई मूल्य अभिवृद्धि सहित निर्यात प्रवर्द्धन गर्ने ।

३. संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्दतिहरुबाट पर्यटन प्रवर्द्धनमा उल्लेख्य योगदान पु¥याउने ।

४. वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, पुनर्स्थापना र दिगो उपयोग गर्ने ।

५. वन क्षेत्रको संरक्षण र सो को बहुआयामिक उपयोग गर्ने ।

६. फलफूल लगायतका कृषि वनको विकास र संरक्षण गरी वन क्षेत्रलाई आर्थिक उपार्जनको माध्यमको रुपमा विकास गर्ने ।

७. हालको वन क्षेत्रलाई घट्न नदिई विभिन्न प्रकारबाट क्षति भएका वनको पुर्नस्थापना गर्ने ।

८. जलाधार क्षेत्रहरुको एकीकृत व्यवस्थापनबाट जल र भूमिको संरक्षण गर्ने ।

९. कार्बन उत्सर्जन न्युनीकरण गर्ने नेपालको समग्र लक्ष्यमा वन क्षेत्रबाट योगदान पु¥याउने ।

१०. वन क्षेत्रको शासकीय सुधार गर्दै प्राप्त लाभको न्यायोचित वितरण गर्ने ।

११. वन क्षेत्रको अध्ययन, अनुसन्धान, शैक्षिक गुणस्तर तथा क्षमता अभिबृद्धि गर्ने ।

## ७. नीतिको क्षेत्राधिकार

१. यो नीति वन क्षेत्रको मूल नीतिको रुपमा रहनेछ र वन क्षेत्रसँग सम्बन्धित सबै तहका नीति र रणनीति तथा वन क्षेत्रसँग सम्बन्धित कानूनहरु यसै नीतिद्वारा निर्देशित हुनेछन् ।

२. राष्ट्रिय वन र संरक्षित क्षेत्रका व्यवस्थापन पद्धतिहरु यसै नीतिबाट निर्देशित हुनेछन् ।

## ८. नीतिहरु

यस वन नीतिको दूरदृष्टि, लक्ष्य र उद्देश्यहरु हासिल गर्न निम्न नीतिहरु अवलम्बन गरिने छ :

### ८.१ वनको भू-स्वामित्व

**नीति**

१. राष्ट्रिय वन र संरक्षित क्षेत्रको भू-स्वामित्व संघीय सरकारमा निहित रहनेछ ।

२. विभिन्न वन व्यवस्थापन पद्धति अन्तर्गत प्राप्त वन पैदावारमाथिको स्वामित्व सम्बन्धित वन व्यवस्थापक निकाय, समुदाय वा संस्थामा निहित रहने छ ।

३. निजी वनको भू-स्वामित्व सम्वन्धित जग्गाधनीमा निहित रहनेछ ।

**रणनीति तथा कार्यनीति**

१. वनलाई वनकै रुपमा व्यवस्थापन गर्ने गरी कानून, निर्देशिका तथा कार्यविधि बनाई कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२. राष्ट्रिय प्राथमिकता प्राप्त वा राष्ट्रिय गौरवका आयोजनाहरु सञ्चालन गर्न वन प्रयोग गर्नुको विकल्प नभएमा संघले कानून, निर्देशिका तथा कार्यविधिका आधारमा वन क्षेत्र प्रयोग गर्ने व्यवस्था गर्नेछ र वन क्षेत्र प्रयोग गर्दा घटेको वनको क्षेत्रफललाई परिपूर्ति हुने गरी संघले प्रदेश तथा स्थानीय तहसंग समेत समन्वय गरी वृक्षारोपण तथा वनको पुर्नस्थापना गर्नेछ ।

### ८.२ वन श्रोतको दिगो, सहभागितामूलक र उत्तरदायी व्यवस्थापन

**नीति**

१. वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्न वन श्रोतको दिगो व्यवस्थापन गरिनेछ ।

२. सबै प्रकारका वन व्यवस्थापन पद्दति र पारिस्थिकीय प्रणालीको व्यवस्थापन गर्दा दिगो व्यवस्थापनका सिद्धान्तका आधारमा गरिने छ ।

**रणनीति तथा कार्यनीति**

१. सामुदायिक वन, साझेदारी वन, कबुलियती वन (गरिबमुखी) लगायत समुदायमा आधारित वन व्यवस्थापन पद्धतिहरुको प्रवर्द्धन र विकास गरिने छ ।

२. वन पैदावार संकलनमा दिगोपना र प्रभावकारीताका लागि विज्ञान र प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गरी यस्ता प्रविधिहरुको थप विकास र विस्तार गर्दै लगिनेछ।

३. सबै वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दिगोपना सुनिश्चित गर्न दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्डबाट वन प्रमाणीकरण गर्दै लगिने छ।

## ८.३ हरित उद्यम विकास र राष्ट्रिय समृद्धिमा योगदान

### नीति

१. वन क्षेत्रको विकास, विस्तार तथा जडिबुटी लगायत वनमा आधारित हरित उद्योग तथा व्यवसायको प्रवर्द्धन तथा विस्तार गरिनेछ।

२. वन क्षेत्रबाट रोजगारीका अवसरहरु गुणात्मक रुपमा वृद्धि गरिनेछ।

३. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, संरक्षित वन, सिमसार क्षेत्र, प्राणी उद्यान, वनस्पति उद्यान लगायत सबै संरक्षित क्षेत्रहरुलाई पर्यापर्यटनको आधारको रुपमा प्रवर्द्धन र विकास गरिनेछ।

४. संरक्षित क्षेत्र बाहिर रहेका सामुदायिक वन, साझेदारी वन, संरक्षित वन, धार्मिक वनहरुलाई उपलब्ध श्रोत र साधनको उपयोग गर्दै पर्यापर्यटन समेतको लागि विकसित गर्दै लगिनेछ।

५. जडिवुटी एवं गैरकाष्ठ वन पैदावारको संरक्षण, खेती विस्तार, संकलन, प्रशोधन, प्रमाणीकरण, व्यवसायीकरण र निर्यात प्रवर्द्धन गरिने छ।

६. कार्वन उत्सर्जन न्यूनीकरण गर्न काठको उत्पादन र सदुपयोग बढाइनेछ।

### रणनीति तथा कार्यनीति

१. हरित उद्योग प्रवर्द्धन र विकासका लागि निजी, सामुदायिक र सहकारी क्षेत्रको लगानी प्रोत्साहन गरिने छ।

२. हरित उद्यम विकासका लागि वन उपभोक्ता समूहहरुको सहकारी निर्माण गरिनेछ।

३. हरित उद्यमका लागि वन विज्ञान तथा प्रविधिका शैक्षिक तथा प्रशिक्षण केन्द्रहरु, उपभोक्ता समूहका सहकारी, निजी क्षेत्र र बैंक तथा वित्तीय संस्थाहरुलाई प्रत्यक्ष रुपमा सहकार्य गर्ने वातावरण निर्माण गरिनेछ।

४. वनमा आधारित सार्वजनिक संस्थानहरु मार्फत समेत हरित उद्योग सञ्चालन तथा रोजगारीका अवसरहरु श्रृजना गरिनेछ ।

५. हरित उद्योगहरुमा सार्वजनिक, सामुदायिक, सहकारी तथा नीजि क्षेत्रको साझेदारीलाई प्रोत्साहन गरिनेछ ।

६. काठ तथा गैरकाष्ठ वनपैदावारको उत्पादनका लागि प्राकृतिक वितरण, उपलब्धता र विकासको सम्भाब्यता समेतको आधारमा उपयुक्त क्षेत्र छनौट (Zoning) र प्रजाति छनौट गरिने छ ।

७. वन पैदावारको मूल्य निर्धारणलाई पारदर्शी बनाउँदै सर्वसाधारणले सुलभ मूल्यमा काठ लगायतका वन पैदावार प्राप्त गर्न सक्ने अवस्थाको सिर्जना गरिनेछ ।

८. वन पैदावारको उत्पादन क्षेत्र र उत्पादन बढाउन सरकारी स्वामित्वका सार्वजानिक संस्थाहरुलाई सहुलियतपूर्ण वित्तीय लगानीको व्यवस्था गरिनेछ ।

## ८.४ जैविक विविधता संरक्षण

### नीति

१. दुर्लभ, लोपोन्मुख र संरक्षित लगायतका वन्यजन्तु तथा वनस्पतिको स्व-स्थानीय र परस्थानीय संरक्षण र व्यवस्थापन गरिने छ ।

२. राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र जस्ता अन्तर्राष्ट्रिय पहिचानका संरक्षित क्षेत्र व्यवस्थापन बाहेक कुनै स्थानीय समुदायद्वारा परम्परादेखि संरक्षित हुँदै आएका वन क्षेत्रहरुलाई सामुदायिक संरक्षित क्षेत्र (Community Conserved Area) को रुपमा मान्यता दिइनेछ ।

३. मानव-वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्नका लागि भू-परिधि स्तरमा संरक्षित क्षेत्र र राष्ट्रिय वनमा रहेका जैविक मार्गहरुको एकीकृत र समुचित व्यवस्थापन गरिनेछ ।

### रणनीति तथा कार्यनीति

१. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्रहरुको दिगो व्यवस्थापनका लागि सहभागितामूलक ढंगबाट एकीकृत व्यवस्थापन योजना तर्जूमा गरी कार्यान्वयन गरिने छ ।

२. वन्यजन्तु र वनस्पतिको परस्थानीय संरक्षण प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय तहका प्राणी उद्यान तथा वनस्पति उद्यानहरु स्थापना र सञ्चालन गरिने छ ।

३. जैविक विविधता र जलाधार संरक्षणका लागि अन्तरदेशीय सहयोग र सहकार्य समेत गरिनेछ ।

## ८.५ जलाधार, वातावरणीय सेवा र रेड प्लस

### नीति

१. जल तथा भूमिको एकीकृत संरक्षण र व्यवस्थापन मार्फत स्वस्थ जलाधार कायम गरी जमीनको उत्पादकत्व वृद्धि गरिनेछ ।

२. उपल्लो र तल्लो तटीय सम्बन्धका आधारमा चुरे क्षेत्रका जलाधारहरुको संरक्षण र व्यवस्थापन गरिनेछ ।

३. सिमसार क्षेत्रको संरक्षण, व्यवस्थापन र दिगो उपयोग गरिने छ ।

### रणनीति तथा कार्यनीति

१. जैविक विविधता र जलाधारको एकीकृत व्यवस्थापनबाट पारिस्थिकीय सन्तुलन कायम गरी वातावरणीय सेवाको प्रवर्द्धन र उपयोग बढाइनेछ ।

२. वातावरणीय सेवाको मूल्यांकन गर्ने पद्धतिको विकास गरिनेछ ।

३. वन क्षेत्रबाट कार्वन उत्सर्जन न्यूनीकरणमा पुऱ्याइने योगदान वापत अन्तर्राष्ट्रिय संयन्त्रहरुबाट भुक्तानी पाउने अवसरको उपयोग गरिने छ ।

## ८.६ राष्ट्रिय वन बाहिरका वन

### नीति

१. राष्ट्रिय वन बाहिरका निजी वन, सार्वजनिक जग्गाका वन, संस्थागत जग्गाका वन, शहरी वन र कृषि वन र पारिवारिक वनको विस्तार, विकास र प्रवर्द्धनका लागि सहुलियत दरका ऋण उपलब्ध गराई प्रोत्साहन गरिने छ ।

२. निजी वन, सार्वजनिक जग्गाका वन, संस्थागत जग्गाका वन, शहरी वन र कृषि वन र पारिवारिक वनको विस्तारका लागि प्रचार प्रसार, प्रविधि हस्तान्तरण र वनधनीको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

### रणनीति तथा कार्यनीति

१. निजी जग्गामा उत्पादित वन पैदावारलाई जग्गा धनीले कटान, प्रशोधन, विक्री वितरण, ओसार पसार र प्रयोग गर्न पाउने व्यवस्था गरिनेछ ।

२. निजी जग्गामा निजी वन, कृषि वन तथा तिनमा आधारित हरित उद्योगहरुलाई प्रवर्द्धन र विस्तार गर्न नवीनतम प्रविधिहरु हस्तान्तरण गरिनेछ ।

## ८.७ अनुसन्धान र क्षमता विकास

### नीति

१. वन क्षेत्रको अध्ययन, अनुसन्धान र प्रचार-प्रसारलाई प्रभावकारी वनाई प्राप्त सिकाई र नतिजालाई वन क्षेत्रका विषयगत नीति निर्माण, योजना तर्जूमा र व्यवस्थापन कार्यमा उपयोग गरिनेछ ।

२. वन प्राविधिक पेशालाई व्यवसायिक, दक्ष, मर्यादित, गुणस्तरीय र सेवामूलक वनाइनेछ ।

३. वन पैदावार र वनजन्य बस्तुको निर्यातका लागि प्रयोगशाला परीक्षण र प्रमाणीकरणलाई सहज बनाईनेछ ।

### रणनीति तथा कार्यनीति

१. सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिइनेछ ।

२. वनसंग सम्बन्धित प्राविधिक सेवालाई प्रभावकारी बनाउन अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरु सिर्जना गरिनेछ ।

३. स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसंग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गरिनेछ ।

### ८.८ सामाजिक सुरक्षा, समावेशीकरण र सुशासन

**नीति**

१. सवै प्रकारका वन व्यवस्थापन प्रणालीहरुबाट प्राप्त लाभको न्यायोचित बाँडफाँड र प्रभावकारी सदुपयोगको सुनिश्चितता गरिनेछ ।

२. जैविक विविधता र त्यससंग जोडिएका आदिवासी जनजाति तथा स्थानीय समुदायका परम्परागत ज्ञान, सीप, अभ्यास, सामाजिक-सांस्कृतिक पद्धति, कला, बौद्धिक सम्पत्ति आदिको अभिलेखीकरण, पञ्जीकरण र सुरक्षण गर्दै लगिनेछ ।

३. वन क्षेत्रका सबै सरकारी, सामुदायिक, सहकारी र निजी संस्थाहरुमा लैंगिक विभेदको अन्त्य गरिनेछ ।

४. वन क्षेत्रका सवै निकायहरुमा पारदर्शिता, जवाफदेहीता र निष्पक्षता कायम गर्दै प्रभावकारी सेवा प्रवाह गरिनेछ ।

**रणनीति तथा कार्यनीति**

१. वन श्रोतको व्यवस्थापन गर्दा वनका श्रमिक, व्यवस्थापक समुदाय, महिला, आदिवासी जनजाति, दलित, मधेसी, थारु, मुस्लिम अल्पसंख्यक, फरक क्षमता भएका, विपन्न र पछाडि पारिएको समुदायको अधिकार सुनिश्चित गर्दै लाभमा उनीहरुको पहुँच बृद्धि गरिनेछ ।

२. वन क्षेत्रका संस्था, नीति, कार्यक्रम, बजेट तर्जूमा गर्दा लैगिंक तथा सामाजिक समावेशीकरणका सिद्धान्तका आधारमा गरिनेछ ।

३. वन क्षेत्रमा आयोजनाहरु सञ्चालन गर्दा प्रभावित समुदायको स्वतन्त्र पूर्व सुसूचित सहमति लिने व्यवस्था गरिनेछ ।

४. वन क्षेत्रका सवै संस्थाहरुमा निर्णायक जिम्मेवारी सहित पचास प्रतिशत महिलाको सहभागिता हुने गरी रणनीति, कानून, बजेट, कार्यक्रम र अभ्यासको अवलम्बन गरिनेछ ।

५. नेपाल पक्षराष्ट्र भएका वन तथा वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको कार्यान्वयन र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धनका लागि क्षमता अभिवृद्धि, आवश्यक कानूनी र संरचनागत व्यवस्था गरिने छ ।

## ९. नीति कार्यान्वयन विधि (Approaches)

नीति कार्यान्वयनका लागि निम्न विधिहरु अवलम्बन गरिने छ :

१. जनसहभागितामूलक र बहुसरोकारवाला ।

२. पारिस्थिकीय एवं भू-परिधिस्तरीय ।

३. जलाधार क्षेत्रहरुको एकीकृत व्यवस्थापन ।

४. लैगिंक तथा सामाजिक समावेशीकरण ।

५. अद्यावधिक तथ्यांक र सूचनाको प्रवाहीकरण ।

६. उद्यममैत्री वन व्यवस्थापन प्रणाली ।

७. वन सम्बर्द्धन प्रणालीमा आधारित वनको दिगो व्यवस्थापन ।

८. राष्ट्रिय वनबाट टाढा बसोवास गर्ने बासिन्दाको वन श्रोतमाथिको अधिकार ।

९. सबै तहका सरकार, सहकारी, समुदाय र निजी क्षेत्र बीचको समन्वय, साझेदारी र सहकार्य ।

## १०. कानूनी, संस्थागत तथा संरचनात्मक खाका

१. वन क्षेत्रका नीतिगत व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि संघीय, प्रदेश र स्थानीय तहमा आवश्यक कानून र रणनीति, कार्यनीति, निर्देशिका, कार्यविधि, मार्गदर्शन र योजनाहरु तर्जूमा गरी लागु गरिने छ ।

२. सबै तहका सरकारहरुबाट वन क्षेत्रसंग सम्बन्धी नीति तथा कानून तर्जूमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन गर्दा सम्बन्धित सरोकारवालाहरुलाई सहभागि गराईने छ ।

३. नीतिहरुको प्रभावकारी कार्यान्वयन गरी यस नीतिको दूरदृष्टि र लक्ष्य प्राप्तिको निमित्त उपयुक्त संस्थागत एवं संरचनागत व्यवस्थाहरु गरिनेछ ।

## ११. राष्ट्रिय वन नीति कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका

१. वन क्षेत्रका कार्यक्रमहरु कार्यान्वयन गर्दा संघ, प्रदेश तथा स्थानीय तहको समन्वयबाट गरिनेछ ।

२. संघले वन क्षेत्रको लागि राष्ट्रियस्तरको नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमनका विषयहरु निर्धारण गर्नेछ ।

३. संघले विभिन्न तहका सरकारहरुबीच वन व्यवस्थापन पद्धति कार्यान्वयनका लागि नीतिगत सामन्जयस्ताका लागि आवश्यक सहजीकरण गर्नेछ ।

४. संघले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपका कार्यक्रम तथा परियोजनाहरु तर्जूमा गरी तहगत रुपमा कार्यान्वयनको प्रारुप तयार गर्नेछ ।

५. प्रदेशले संघ तथा स्थानीय तहसँग समन्वय गरी आफ्नो प्रदेशभित्रको राष्ट्रिय वन व्यवस्थापनका लागि भूमिका निर्वाह गर्नेछन् ।

६. स्थानीय तहले संघ तथा प्रदेशसँग समन्वय गरी आफ्नो सीमाभित्रका समुदायमा आधारित वन, नीजि वन, कृषि वन तथा वनमा आधारित उद्योगहरु सञ्चालन तथा व्यवस्थापनका लागि भूमिका निर्वाह गर्नेछन् ।

## १२. आर्थिक पक्ष

१. यो नीतिमा उल्लेखित सम्वन्धित तहका अधिकार क्षेत्रभित्र पर्ने कार्यक्रम कार्यान्वयन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहका सरकारबाट आवश्यक बजेटको व्यवस्था गर्नेछन् ।

२. नीति कार्यान्वयनको लागि सम्बन्धित समुदाय, निजी क्षेत्र र सहकारीको योगदान र लगानी प्रोत्साहित गरिने छ ।

३. वन क्षेत्रको संरक्षण र सम्वर्द्धन एवं अन्य प्रवर्द्धनात्मक कार्यका लागि नेपाल सरकारको अनिवार्य दायित्व नरहने गरी वन विकास कोषको स्थापना गरिनेछ ।

४. नीति कार्यान्वयनको लागि विकास साझेदारहरुसंग सहकार्य गर्न सकिने छ ।

## १३. अनुगमन, मूल्याङ्कन र पुनरावलोकन

१. नीति कार्यान्वयन अवस्थाको आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ । यसरी अनुगमन गर्दा सरोकारवालाको सहभागिता गराइने छ ।

२. नीति कार्यान्वयनको अवस्थाबारे वन क्षेत्रका स्थानीय कार्यालयहरुले स्थानीय सरकार मार्फत प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले संघीय सरकारको वन तथा वातावरण मन्त्रालय समक्ष पृष्ठपोषण सहित आर्थिक वर्षको अन्त्यमा प्रतिवेदन पेश गर्नेछन् र संघीय मन्त्रालयले एकीकृत गरी राष्ट्रिय प्रतिवेदन तयार पार्नेछ ।

३. नीतिको पुनरावलोकन प्रत्येक पाँच/पाँच वर्षमा गरिने छ ।

## १४. खारेजी र बचाउ

वन नीति, २०७१ खारेज गरिएको छ ।

**सम्पर्कः**
**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**सिंहदरवार, काठमाडौं, नेपाल**
**फोन :** ९७७-१-४२११८९२
**फ्याक्स :** ९७७-१-४२११९३६
**इमेल :** info@mofe.gov.np
**वेवसाइट :** www.mofe.gov.np